# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०६।२४ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।०६।२४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
भोला दाहाल

देहायः

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगकोमागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्र.चन्द्रनारायण यादव र राधा कुमारी यादव (वि.अ. को मु.नं. ०७६-CR-०४२१), वि.अ. को फैसला मिति २०७९।१२।१) | गैरकानुनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको। | प्रतिवादीहरु उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, १६ ग., दफा २९ को उपदफा (१) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ ख. बमोजिम असुल उपर/जफत गरी पाउन मागदाबी लिइएको। | <u>फैसलाः</u><br>आरोप मागदावीबाट पूर्ण सफाई।<br><u>विशेष अदालतले फैसला गर्दा लिएका आधारः</u><br>• प्रतिवादीको सम्पत्तिको जाँच अवधिको समग्र आय व्ययको अध्ययन गर्दा प्रतिवादी चन्द्रनारायण यादव समेतको समग्र आय जम्मा रु.१,४८,९२,२३६।७४ कायम भएको,<br>• प्रतिवादीको सम्पत्तिको जाँच अवधिको समग्र आय व्ययको अध्ययन गर्दा प्रतिवादी चन्द्रनारायण यादव समेतको समग्र व्यय जम्मा रु.१,५५,९८,१७७।३० कायम भएको,<br>• नेपालको हकमा आयस्रोतबाट पुष्टि भएभन्दा बढीको सम्पत्ति देखिएकोमा कुल समत्तिको ५ प्रतिशत भन्दा कम रहेको अवस्थामा आय र व्यय बीच देखिएको अन्तर स्वभाविक नै मान्नु पर्ने सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको आधारमा प्रतिवादीको सम्पत्ति आय भन्दा जम्मा ४.५३% मात्र बढी देखिदा प्रतिवादी चन्द्रनारायण यादवले दावीको कसुर गरेको भन्न मिल्ने नदेखिएको। | • प्रचलित कानुनी व्यवस्था तथा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको प्रतिकुल हुने गरी अदालताट थप आय कायम गरिएको रु. ४६,१७,४५२।७४ बराबरको रकम थप आयमा कायम गर्न मिल्ने अवस्था नरहँदा थप आय कायम गरी गरेको उक्त फैसला त्रटिपूर्ण रहेको,<br>• आय भन्नाले कुनै व्यक्तिले रोजगारी, व्यवसाय, लगानी वा आकस्मिक लाभबाट प्राप्त गरेको आय सम्झनु पर्छ र सो शब्दले यस ऐन बमोजिम गणना गरिएको सो आयको कुल रकमलाई समेत जनाँउछ[1] भनी परिभाषित गरेको पाइन्छ। तर अदालतवाट प्रतिवादीहरुलाई अभियोग मागदावीवाट सफाई दिने मनसायले आयमा गणना गर्नै नमिल्ने प्रकृतिका दशै खर्च वापतको रकम, अनुमानको आधारमा कायम गरिएको कृषि आयको रकम, स्रोत नखुलेको सम्पत्तिबाट निर्मित घरवाट प्राप्त हुन आएको घर वाहल वापतको रकम तथा स्रोत नखुलेको बैंकमा मौज्दात रहेको रकमको व्याज वापत प्राप्त रकम, बिबाहित छोरीको पारिश्रमिक वापतको रकम जस्ता शिर्षकमा थप आय कायम गरिएको,<br>• वादी नेपाल सरकार विरुद्ध भरत प्रसाद नेपाल समेत भएको मुद्दामा "बिगोमा कायम गरेको मिलेन भनेर जिकिर लिएर मात्र हुँदैन। स्पष्ट आधार र कारण देखाएर अदालतलाई विस्वस्त पार्नु पर्ने हुन्छ। यो दायित्व पुनरावेदक प्रतिवादीको नै हो"[2] भन्ने सिद्धान्त प्रतिपादन भएको,<br>• नेपाल सरकार विरुद्ध खुमबहादुर खड्का भएको मुद्दामा निक्षेपबाट बढेबढाएको ब्याज रकमलाई सम्पत्तिको मान्यता दिई विगो कायम गर्न तथा आय स्रोतका रुपमा छुट्टै मान्यता प्रदान गर्न नमिली निक्षेप रकमको स्रोत पुष्टि भएमा सोबाट बढेबढाएको ब्याजको पनि स्वतः स्रोत पुष्टि हुने तथा स्रोत पुष्टि नभएको विगोको रुपमा रहने र सोबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी भई जफतसम्म हुने।[3] भनी सिद्धान्त प्रतिपादन भएकोमा उक्त सिद्धान्तको प्रतिकुल हुने गरी स्रोत नखुलेको रकम रु.३५,५०,०००।— रुपैयाँलाई व्यय कायम नगरेको कार्य त्रुटीपूर्ण रहेको,<br>• प्रतिवादीहरूको बैधानिक आय र व्ययको अन्तर भन्दा बाँकी रकम ५% भन्दा कम रहेको अवस्थामा उक्त सिद्धान्त तथा मान्यता आकर्षित हुने भएता पनि प्रस्तुत मुद्दामा |

[1] आयकर ऐन, २०५८ (आर्थिक ऐन, २०७९ को संशोधन सहित) को दफा २(ज)

[2] ने.का.प. २०७२ अंक ११, नि.नं. ९४९२

[3] ने.का.प. २०६९, अंक ५, नि.नं. ८८३२,

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | उक्त सिद्धान्त तथा मान्यता आकर्षित हुने देखिदैन। यस मुद्दामा प्रतिवादीलाई आरोपमागदावीवाट सफाँई दिने मनसायले अनुमानको आधारमा कुनै तथ्य र प्रमाणको समर्थन बिनानै आय रकम बढाउने र व्यय रकम घटाउने कार्य गर्दा समेत प्रतिवादीको रु.७,०५,९४०।५६ (सात लाख पाच हजार नौ सय चालिस रुपैया छपन्न पैसा) बराबरको सम्पत्तिको अझै गैरकानुनी अर्थात स्रोत पुष्टि हुन सकेको अवस्था नरहेको। |